# मौसम पूर्वानुमान सम्बन्धी कृषि विकास कार्यालय सल्यानको सुचना !!!

हाल नेपालमा पश्चिमी वायुको प्रभाव रहेको छ । मौसम पूर्वानुमान महाशाखाले जारी गरेको आगामी तिन दिन (२०८०/०६/३० गते देखि २०८०/०७/०२ गते सम्म) को मौसमको विश्लेषण अनुरुप देशभर सामान्य बदलि रहनेछ भने कर्णाली प्रदेशमा आंशिक देखि सामान्य बदलि रहनेछ र पहाडी भू-भागका स्थानमा मेघ गर्जन/चटयाङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको छ । वर्षाका कारण दैनिक जनजीवनका साथै कृषिमा असर हुन सक्ने सम्भावना रहेको हुदाँ सल्यानमा पनि मौसममा बदलि देखिने उच्च सम्भावना रहेको हुदाँ धान बाली भित्र्याउनाको लागि तयार भएका स्थानहरुमा सम्पूर्ण कृषक महानुभावहरुमा धान काट्नु भन्दा अगावै मौसमको जानकारी लिएर मात्र धान काट्नु हुन जानकारी गराइन्छ तथा काटि सकिएको अवस्थामा पानीबाट जोगाउनको लागि आवश्यक प्रबन्ध मिलाउनु हुन अनुरोध छ ।

शरदकालिन आलु खेती गरि आलु उम्रिसकेको स्थानहरुमा बर्षा तथा बादलका कारण डढुवा रोगको संक्रमण हुनसक्ने हुदा जोखिम कम गर्नका लागि म्यानकोजेब २ ग्राम विषादि प्रति लिटर पानिमा मिसाएर स्प्रे गर्न र तोरी छर्ने बाँकि रहेको स्थानहरुमा मौसम अवस्थामा हेरेर मात्र तोरी छर्न हुन तथा उम्रेको तोरीलाई वर्षाले असर पार्ने हुदाँ त्यसका लागी पानीको निकासमा ध्यान दिनुहुन कृषि विकास कार्यालय, सल्यान कृषक महानुभावहरुमा अनुरोध गर्दछ ।

.........................

रेशम कुमार बस्नेत
निमित्त प्रमुख

कृषि विकास कार्यालय, सल्यान